# अजिङ्गरलाई हराउँनका लागि युद्ध मार्गदर्शक

## फ्रेडकिलीनद्धारा नोट

पुस्तकमा आधारित : हरेक युवाहरुको युद्ध मार्गदर्शक स्टेफन आर्टरबर्न र फ्रेड स्टोइकरद्धारा;


| | पाना |
|---|---|
| क. अध्ययन बारे व्यक्तिगत राय | २ |
| ख. कामवासना आगो फाल्ने अजिङ्गरहो | ३ |
| ग. दिमाग युद्धको मैदान हो | ४ |
| घ. युद्धका लागि तयारी गर्दै | ५ |
| ङ. लैंगिक अनैतिकताबाट भाग | ७ |
| च. अलग रहन आज्ञा दिईएको | ८ |
| छ. येशूलाई सुन्नु | ८ |
| ज. विजय पाउँन लडाइँको आवश्यक हुन्छ | ९ |
| झ. आफ्नो विचारहरुको जाँच गर | ९ |
| ञ. कठोरता साथ कामवासनाको मूल्यको चेतावनी दिँदै | १० |
| ट. आजको छनोटले भोलिलाई प्रभाव पार्छ | ११ |
| ठ. आफ्ना मित्रहरु होशियार साथ चुन | ११ |
| ड. आफ्नो लागि सीमा तोक | १३ |
| ढ. प्रभुले हामीलाई अनुशासीत बनाउँनु हुन्छ | १५ |
| ण. परमेश्वरले तिम्रो लागि सर्वश्रेष्ठ चाहनुहुन्छ | १६ |
| त. स्वच्छ अन्तस्करण ठूलो मूल्यको हुन्छ | १७ |
| थ. तिम्रो शरीर मन्दिर हो | १८ |
| द. जवान महिलाहरुलाई आदरसाथ व्यवहार गर | १८ |
| ध. उनको सीमाहरु नाग्न बाध्य बनाउँने प्रयास नगर | १९ |
| न. योद्धा भनि बोलाइएको | २० |

प. तिमीले यो युद्ध एकलै लड्न सक्दैनौ २२

फ. अन्तिम शव्द २४

## क. अध्ययन बारे व्यक्तिगत राय :

यदि तपाईले सारा अध्ययनलाई पढ्नुभयो र आफ्नो विचार राख्न चहानुहुन्छ भने treasurehisword@hotmail.com मा ईमेल गर्न सक्नुहुन्छ।

कृपया गरि आफ्नोपहिलो नाम र देशको नाम मलाई बताउँनुहोस् । तपाईको विचारसँग तपाईको नाम छापिने छैन तर तपाईको देशको नाम छापिने छ । अध्ययनको नोटमा तपाईको राय समावेस गरिन्छ भनेर कुनै पनि ग्यारेन्टी छैन ।

- *"अति उत्तम! र सामयिक । कति धेरै धर्मशास्त्रहरुले शुद्धताको महत्वमा जोड दिएका छन् । यो चाहिँ कामवासनाले प्रभावित भएको दिमागको एक भागलाई सत्यताको समुन्द्री छालले स्नान गराउँनु जस्तो हो !!! कस्तो शक्तिशाली । यसलाई हरेक दिन पढ्नु असल हुन्छ ।"*

फ्रेङकिलीनद्धारा नोट

पुस्तकमा आधारित : हरेक युवाहरुको युद्ध मार्गदर्शक स्टेफन आर्टरबर्न र फ्रेड स्टोइकरद्धारा; www.waterbrookpress.com

## ख. कामवासना आगो फाल्ने अजिङ्गर हो

कामवासना आगो फाल्ने अजिङ्गरहो जब खुवाइन्छ, चाँडै शक्तिशाली हुन्छ, राक्षसमा परिनत हुँदै जान्छ जसले तिमीलाई जलाउँन र निल्न सक्छ । यो राक्षसलाई आफ्नो गुफामा थुन्न भोकभोकै राखि कम्जोर बनाउँन धेरै नै असम्भव छ । यो राक्षसलाई खुवाउँनु हुदैन नत्र यसले तिमीलाई खान्छ र तिम्रो जीवनलाई बर्बाद परिदिन्छ ।

तब त्यो अजिङ्गगर त्यस स्त्रीसँग क्रोधित भयो, र त्यसका बाँकी सन्तानसँग युद्ध गर्न गयो अर्थात तिनीहरुसँग, जुनहरुले परमेश्वरका आज्ञाहरु पालन गर्दछन् र येशूको गवाही दिन्छन् । प्रकाश १२:१७

- त्यसले विशेषगरी येशू खीष्टका अनुयायीहरुलाई घृणा गर्छ र उनीहरुलाई हराउँन त्यसले जे पनि गर्छ ।

तब मैले अजिङ्गरको मुखबाट ..... भ्यागुताहरुजस्ता तीनओटा घृणित आत्माहरु निस्किरहेका देखें । ( १४) कारण उनीहरु प्रेत आत्माहरु हुन्  प्रकाश १६:१३

- र कामवासनाको प्रेत सबैभन्दा मत्लबी र खराब छ ।
- र यो राक्षसलाई कहिले पनि खुवाउँनु हुँदैन, वा कुनै पनि क्षेत्र दिनहुदैन, नत्रत यसले तिमीलाई भित्रबाहिर नै नष्ट गरिदिन्छ ।

यो हाम्रो युद्ध हो – यस माथि विजय हुनै पर्छ

*आगो फाल्ने अजिङ्गर*

आउँने भविष्यमा येशू खीष्टले नै अन्तिम विजय प्राप्त गर्नुहुनेछ ।

तिनले त्यो अजिङ्गर, त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे, अनि एक हजार वर्षका निम्ति बाँधेर राखे । (३) तिनले त्यसलाई अतल कुण्डमा फालिदिए, र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जातिजातिहरुलाई त्यसले बहकाउँन नपाओस । त्यस पछि केही समयको निम्ति त्यसलाई फुक्का गरिनुपर्छ । प्रकाश २०: २–३

तर त्यो दिन नआएसम्म : हामीले त्यो कामवासनाको अजिङ्गर जो मानव–गुफामा बास्छ जुन हाम्रो शरीर हो त्यससँग युद्ध गर्दै र विजय प्राप्त गर्दै जानुपर्छ ।

तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू खीष्टद्वारा विजय दिनुहुन्छ । यसकारण मेरा प्रिय भाई हो , स्थिर र अटल रहो । प्रभुको काममा सधै बढ्दैजाओ । किनकी तिमीहरु जान्दछौ, कि प्रभुमा तिमीहरुको परिश्रम व्यर्थ हुँदैन । १ कोरिन्थ १५ : ५७–५८ एन आई भी

विजय तिम्रो हो यदि तिमी युद्ध गर्न चाहन्छौ, र लिन चाहन्छौ भने ।

किनकि परमेश्वरको इच्छा जो तिमीहरुको पवित्रकरण पनि हो, सो यो हो कि तिमीहरु व्यभिचारबाट अलग बस; (४) ताकि तिमीहरु प्रयेकले आफ्नो शरीरलाई पवित्र र आदरनिय बनाउँने गरी नियन्त्रण गर्न सिक । (५) तर परमेश्वरलाई नचिन्ने अविश्वासीहरुजस्तै कामुकताको कुवासनामा नवस । (६) यस विषयमा कसैले अपराध गरेर आफ्नो भाईलाई खराबी नगरोस्, किनकि यस्ता सबै कुरामा बदला लिनुहुनु प्रभु नै हुनुहुन्छ । हामीले तिमीहरुलाई अगाडि नै यसबारे गम्भीर चेताउनी दिएका छौ । (७) किनकि परमेश्वरले हामीलाई अशुद्धताको निम्ति होइन, तर पवित्रतामा बोलाउनुभएको छ । (८) यसैकारण जसले यस कुराको अवहेलना गर्छ त्यसले मानिसको होइन, तर परमेश्वरको अवहेलना गर्छ, जुन परमेश्वरले तिमीहरुलाई आफ्ना पवित्र आत्मा दिनुहुन्छ । १ थेसलोनिकी ४ : ३–८ एन आई भी

यस विषयमा बाईबल निहितार्थ रुपमा स्पष्ट छ :

तर तिमीहरुको बीचमा व्यभिचार र सारे  अशुद्धता अथवा लोभको नाउँसमेत नलिओस्, जो सन्तहरुको बीचमा हुन सहाउँदैन । एफिसी ५:३ एन एल टि

किनकि भित्रबाट, अर्थात मानिसको हृदयबाट खराब विचार, व्यभिचार, चोरी, हत्या, परस्त्रीगमन, (२२) लोभ, दुष्टता, छल, छाडापन, ईर्ष्या, निन्दा, घमण्ड, मूर्खता निस्कन्छन् । (२३) यी सबै दुष्ट कराहरु भित्रबाट निस्कन्छन् र मानिसलाई अशुद्ध पार्छन् । मर्कूस ७ : २१–२३ एन एल टि

---

## ग. दिमाग युद्धको मैदान हो र आफ्ना विचारहरुलाई नियन्त्रण गर्न सक्नुले तपाईको विजय वा हार निर्धारित गर्छ ।

शैतानले येशू खीष्टको मानवीय इच्छाहरुको क्षेत्रमा उहाँको दिमागमा विचारहरु ल्याएर उहाँको परीक्षा गऱ्यो । (मत्ती ४ : १–११) । यी विचारहरुलाई अगाडि बढाउँन र लागु गर्न, येशूले आफ्ना पिताको आज्ञा पालन गर्ने छैन र शैतानलाई आफ्नो जीवनको आधार दिई आज्ञा पालन गर्नेछ ।

किनकि हाम्रा प्रधान पूजहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउँन नसक्ने हुनुहुन्न । तर हामी जस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो । (१६) यसकारण साहससँग अनुग्रहको सिँहासन नजीक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई किपा र अनुग्रह प्राप्त गर्न सकौं । हिब्रू ४ : १५–१६

यही ढंगमा हाम्रो दिमाग युद्धको मैदान हो – हाम्रो विजारहरु ।

- शैतानले हर तरिकाबाट हाम्रो दिमागमा कामुक विचारहरु हाल्न प्रयाश गर्छन् ।
- यौन सम्बन्धीका कुराहरु कामवासनाको अजिङ्गरको प्रमुख आहारहरु हुन् ।

२ कोरिन्थी १० : २–६ ... जुनहरुले हामी संसारिक तरीकाले काम गर्छौं भन्ने शङ्का गर्छन् ( चलचित्रहरुमा र टेलिभिजनहरुमा हेर्दै आए भैँ) । (३) किनभने हामी संसारका हौं, तापनि सांसारिक लडाइँ त लड्दैनौ । (४) किनकि हाम्रो युद्धका अस्त्र–सस्त्र सांसारिक होइनन्, तर किल्लाहरु नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ । (५) परमेश्वरका ज्ञानको बिरुद्धमा खडा हुने बहसहरु र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौ, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं ।

---

## घ. युद्धका लागि तयारी गर्दै

एफिसी ६ : ११–१७ दियाबलसका युक्तिहरुका विरुद्धमा खडे हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर ।

- यदि तिमीले परमेश्वरका सारा हातहतियार धारण गरेनौ भने तिमी त्यस अजिङ्गरको सामना गर्न सक्दैनौ र उसले तिमीलाई आफ्नो पुरै आगोको स्वासले प्रहार गर्ने छ र त्यसले तिमी भित्र कामवासनाको ज्वाला ल्याउँनेछ ।

(१२) किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्धमा होइन, तर प्रधानताहरुको विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुकमा विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टाइँका आत्मिक सेनाका विरुद्ध हो ।

(१३) यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खडा हुन सक्ने होओ । (१४) यसकारण आफ्ना कम्मर सत्यले कसेर,

- सत्य जान र सत्यले तिमी स्वतन्त्र तुल्याउनेछ । यूहन्ना ८ : ३२

र **धार्मिकताको** छाती–पाता लाएर,

- यो सत्य अनुसार जीएर र गरेर मात्र लगाईन्छ ।

(१५) र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर

- येशूले तपाईको लागि आफ्नो मृत्युद्धारा, गाडीएर र पुनरुथानद्धारा दिनुभएको गवाही र हाम्रो हिडाई, बोलाई र जीयाईद्धारा घोषित गर्दछ ।
- तपाईका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो । भजनसंग्रह ११९ : १०५

(१६)साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरु दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ ।

- तिमीले ती अग्नीमय वाणलाई निभाउनु पर्छ नत्रत ती तिम्रा छालामा छेडिन्छन् र त्यसले कामवासनाको ज्वाला तिमीमा ल्याउँछ ।
- विश्वासका ढाल चाहिँ – तिम्रो विश्वास जसमा छ, र कसको अज्ञाकरीछौ, परमेश्वरको वचनले के भन्नुहुन्छ ... कामविनाको विश्वास व्यर्थ हुन्छ याकूब २ :२०

(१७) मुक्तिको टोप लगाओ आफ्नो दिमागलाई सुरक्षीत राख्न ।

- तिमीले आफ्नो दिमागलाई सुरक्षीत राख्न र खराब विचारहरु – जुन अजिङ्गरका आहारहरु हुन् त्यसबाट अलग राख्न सधै "मुक्तिको टोप" लगाई रहनुपर्छ ।
- येशूले प्राप्त गर्नुभएको विजयलाई स्मरण गर्नुहोस् र त्यसमा रहनुहोस् जुन उहाँले तिमीलाई सितैमा उहाँको अनुग्रहद्धारा दिनुभएको छ । तिमीले आफ्नो विचारहरुलाई नियन्त्रण गर्नुपर्छ ।

र पवित्र आत्माको तरवार, जोचाहिँ परमेश्वरको वचन हो ।

- यो तिम्रो सबै भन्दा शक्तिशाली हतियार हो । यो अजिङ्गर मार्ने हतियार हो ।
- प्रत्येक मोहक कमुक विचारहरुलाई यी कुराहरुद्धारा प्रतिकृया दिने : यो लेखिएको छ !

  जसरी येशूले जब उहाँ शैतानद्धारा परीक्षीत हुनुभएको थियो त्यतिबेला प्रतिकिया दिनुभएको थियो र शैतानले उहाँलाई एकलै छोडिदियो त्यसरी नै हामीहरुले पनि प्रतिकिया दिनुपर्छ । त्यो परमेश्वरको वचन अगाडी शक्तिहीन छ ।
- गलाती २ :२० याद गर्नुहोस् र त्यतिबेला आफैलाई भन्नुहोस् जब तपाईलाई खराब विचारले यो याद दिलाउँछ कि मृतक मानिसले पाप गर्दैन वा उसमा कामवासना हुँदैन । साथै कण्ठ गर्नुहोस् र फिलिप्पी २ : ५–९ येशूले तिम्रो विजयको लागि तिर्नुभएको ठूलो ज्याला सम्फदै यो भन्नुहोस् ।
- तसर्थ, तरवारलाई चलाउन र कामवासनाको अजिङ्गरलाई हराउँन सक्नेहुन , तिमीले परमेश्वरको वचन पढ्नु पर्छ, अध्ययन गर्नुपर्छ, जन्नु पर्छ र मनन गर्नुपर्छ ।

(१८) सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर, र ...सर्तक भएर सबै सन्तहरुका निम्ति प्रर्थना गरिरहो

- दिनभरि प्रत्येक समय पवित्र **आत्मामा प्रार्थना गर्नाले** यसले तिमीलाई पवित्र आत्मामा सतर्क र उहाँको आवाजमा र बुद्धिमा एक बनाई राख्छ ।
  किनकि अन्य भाषमा बोल्नेले मानिसहरुसँग होइन, तर परमेश्वरसँग बोल्दछ
  १ कोरिन्थी १४ : २
- जागा रहो, अनि प्रार्थना गर, र तिमीहरु परीक्षामा नपर । आत्मा त साँचै तयार छ, तर शरीर त दुर्बल छ । मर्कूस १४ : ३८

यसकारण भाई हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, की तिमीहरुको आत्मीक उपासनाको रुपमा आ–आफ्नो शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर । यस संसारको ढाँचामा नचल, तर आफ्नो मानमा नयाँ भई पूर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो त्यो तिमीहरुले जाँच्न सक । रोमी १२ : १–२

अजिङ्गरले हाम्रो शरीरको हर्मोन पनि खान्छ जसले त्यसको शक्ति बढाउँछ । विषेश गरी जब यी हर्मोनहरु पहिलो पटक बहन थाल्छ ।

अजिङ्गर कराउँन र अझै खानको लागि माग गर्न थाल्छ । यो एकदमै खतरनाक र नाजुक समय हो ... तिमीले यस युद्धमा युद्ध गर्नुपर्छ र विजय प्राप्त गर्नुपर्छ नत्रत यो अजिङ्गर आगो निकाल्ने राक्षस हुन्छ र यसले तिमीलाई सजिलैसँग तिम्रो जीवनभरि खाई हाल्छ ।

## ङ. भाग– हिड्ने होइन– यौन अनैतिकताबाट

व्यभिचार देखि अलग बस । अरु जुनसुकै पाप मानिसले गर्दछ, त्यो शरीरबाट बाहिर हुन्छ, तर व्यभिचार गर्ने मानिसले आफ्नै शरीरको विरुद्धमा पाप गर्दछ । तिमीहरुको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरुभित्र बास गर्नुहुन्छ भन्ने के तिमीहरुलाई थाहा छैन ?

१ कोरिन्थी ६ : १८–२० एन एल टि

- युसुफ भागे : उत्पत्ति ३९:७–२२

यसकारण जवानीका अभिलाषाहरु त्याग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरुका साथसाथै धार्मिकता, विश्वास, प्रेमा र शान्तिको लक्ष्य राख ।

२ तिमोथी २ : २२ एन एल टि

... उनीहरुले आफैलाई .... देखि अलग राख्नु पर्छ र ... सबै अशुद्धताबाट र व्यभिचारबाट अलग राख्नु पर्छ भनेर हामीले उनीहरुलाई पत्र लेख्यौ । प्रेरित २१ : २५ ए एम् पि

साँच्चै ... पाप गर्ने प्रत्येक पापको कमारो हो । यूहन्ना ८ : ३४–३५

कामवासनाले तिमीलाई साङ्लाले बेर्नेछ, कैदमा लानेछ, तिम्रो जीवनलाई नियन्त्रण र नष्ट गरिदिन्छ ।

---

## च. हामीलाई अलग रहन आज्ञा दिईएकोछ :

अलग रहन् ... व्यभिचारबाट प्रेरित १५ : २०

तिमी अलग रहनु ... व्यभिचारबाट प्रेरित १५ : २९

कोही पनि दुराचारी नहोस् हिब्रू १२ : १६ एन आई बि

प्रिय हो, म तिमीलाई आग्रह पूर्वक बिन्ती गर्दछु कि विदेशी र प्रवासीहरु हौ भनि जानेर तिमीहरुका आत्माको विरुद्धमा लडाइँ गर्ने शारीरिक अभिलाषाहरुबाट अलग रहो । १ पत्रूस २ : ११ एन ए एस् यू

बाईबल त्यस अजिङ्गर र व्यभिचारका विनाशकारी हानिका बारेमा स्पष्ट छ ।

---

## छ. येशूले कामवासनाको बारेमा के भन्नुभएको छ त्यसलाई सुन

तर म तिमीहरुलाई भन्दछु, जसले कोही स्त्रीहरुलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ(बिवाह बहिर पनि किनकि यौन कार्य करार बनाउँने कार्य हो)। (२९) यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लगाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रो अङ्गहरु मध्य एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ । मत्ती ५ : २८–३०

- येशूले व्यभिचारको चरम गम्भीरत व्यक्त गर्दै हुनुहुन्छ ।
- कामवासना तिमीले के हेर्छौ र तिमीले के सुन्छौ त्यसले तिम्रो दिमागमा विचार वा चित्र बनाउँछ र यो यसरी सुरु हुन्छ ... अजिङ्गरलाई खुवाउँदै ।
- अश्रील सामग्रीलाईले तिमीलाई पतन गरिदिन्छ र भविष्यको सम्बन्ध विवाह अघि र पछिलाई गम्भीरतासाथ क्षतिगरिदिन्छ ।

फकाई–फुस्लाईकन त्यसले उसलाई रनभुल्ल पारी, मोहीत कुराहरु गरेर त्यसले उसलाई फसाई । तुरुन्तै ऊ त्यसको पछि लाग्यो, कसाईखानातिर लागेको गोरुझैं, पासोतिर अगि बाढिरहेको मृगझैं । तब बाणले त्यसको मुटु नै छेडिपठाउँछ, जालतिर वेगले उडेको चराझैं, आफ्नो ज्यानै गुमाउँछु भन्ने उसलाई ज्ञानै छैन । अब हे मेरो छोराहरु हो, मेरो कुरा सुन, मैले भनेको कुरामा ध्यान देओ ।

तेरो हृदय त्यसको चालतिर फस्न नदेओ, त्यसको बाटोतिर बरालिएर नजाओ। धेरै जनालाई त्यसले नष्ट पारिकी छे, त्यसको शिकार बन्नेहरु असंख्य छन्। हितोपदेश ७ : २१–२६

शायद परमेश्वरले तिनीहरुलाई पश्चात्ताप गर्ने, सत्यतालाई बुझ्ने मन दिनुहुनेछ , तिनीहरु चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्, जसले तिनीहरुलाई त्यसको इच्छा अनुसार चल्नलाई कैदी बनाएको छ। २ तिमोथी २ : २५–२६

---

## ज. विजयमा हिड्न वा विजयमा फर्कनलाई युद्धको आवश्यक हुन्छ

**अजिङ्गर मार्ने** झैं/**कूसका सैनिक** झै, हरेक दिन आफ्नो कूस बोक र मलाई पछ्याऊ। (लूका ९ : २३)

**यसको अर्थ केहो ?कसरी तिमी आफ्नो कूस बोक्छौ ?**

यसरी नै, तिमीहरुले पनि आफूलाई पापको निम्ति मरेको तर खीष्टको येशूमा परमेश्वरको निम्ति जिउँदो भएको ठान्नुपर्छ। यसकारण पापले तिमीहरुको नाशमान् शरीरमा राज्य नगारोस् र तिमीहरु यसका दुष्ट इच्छाहरुको दास नबन। शरीरका अङ्गहरुलाई दुष्टताको हतियारको रुपमा पापको निम्ति नसुम्प; बरु आफूलाई मृत्युबाट जिउँदो भएको कारण परमेश्वरको निम्ति सुम्प र आफ्ना शरीरका अङ्गलाई धार्मिकताको निम्ति सुम्पिदेऊ। रोमी ६ : ११–१३ एन एल टि

किनकि हामी यस संसारमा रहे तापनि, हामी संसारले जस्तो युद्ध त गर्दैनौ। (४) हामीले चलाउने हतियार यस संसारका हतियार होइनन्। यसको विपरीत किल्लाहरु भत्काउनलाई हाम्रो हतियारहरुको त ईश्वरीय शक्ति हुन्छ। (५) हामी त परमेश्वरको ज्ञानको विरुद्धमा उठ्ने तर्कहरु अनि आडम्बरहरु पो भत्काउँछौ, अनि खीष्टप्रति आज्ञाकारी बनाउनलाई प्रत्येक विचारलाई कैदी बनाउँछौ। कोरिन्थी १०:३–५

---

## झ. निरन्तर आफ्नो जीवनको विचारलाई जाँच र ...

जवानीका अभिलाषाहरुबाट भाग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरुसित धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग। २ तिमोथी २:२२ टि एल बी

यसले निश्चित रुपमा हस्तमैथुनलाई जनाउँछ जसमा काल्पनिक यौन, कामवासनाका चित्रहरुलाई बाढी झैं ल्याउँछ र स्थायी रुपमा राख्छ र दिमागलाई नियन्त्रण गर्छ। यसले कामवासनाको आगोलाई कहिले पनि अन्त्य नहुने गरी यसमा तेल हाल्ने काम गरी रहन्छ जसले यसलाई बाली राख्ने काम गर्छ र तिमीलाई र साँचो प्रेमालाई खान्छ।

तर तिमीहरुमा कुनै प्रकारको यौनका अनैतिकता वा कुनै प्रकारको अशुद्धता वा लोभको नाउँसम्म नलिइयोस्, किनकि परमेश्वरका पवित्र जनको निम्ति यी बेठीक कुरा हुन् । एफिसी ५:३

तिमीहरुका यी झुम्काहरु हेर्नलाई हो, जसद्धारे तिमीहरुले परमप्रभुका आज्ञाहरु सम्झौला अनि तिमीहरु आफ्ना हृदय र आँखाका अभिलाषाको पछि लागेर आफै वेश्यावृत्ति नगरेर आज्ञाहरु पालन गरौला । तब तिमीहरुले मेरा सबै आज्ञाहरु पालन गर्न सम्झनेछौ र तिमीहरुका परमेश्वरप्रती पवित्र हुनेछौ । गन्ती १५:३९–४०

पापमय प्रकृतिमा जिउनेहरुले पापकै प्रकृतिमा मन गाडेका हुन्छन्, तर पवित्र आत्मा अनुसार जिउनेहरु आत्माले चाहेका अनुसार जिउँछन् । रामी ८:५ एन आई भी

यसकारण पापले तिमीहरुको नाशमान शरीरमा राज्य नगरोस् र तिमीहरु यसका दुष्ट इच्छाहरुको दास नबन । रोमी ६:१२ एन एल टि

---

## ञ. कठोरता साथ कामवासनाको मूल्यको चेतावनी दिँदै

(२०) हे मेरो छोरो,आफ्ना बाबुका आज्ञाहरु पालन गर, र आफ्नी आमाको अर्तीलाई नत्याग् । (२१) ती तेरो हृदयमा सधैंको लागि बाँधिराख् तिनलाई तेरो घाँटिमा बाँधिराख् । (२२) जब तँ हिँड्दा तिनले तलाई अगुवाई गर्नेछन्, जब तँ निदाउँछस्, तिनले तेरो हेरचाहा गर्नेछन्, जब तँ जाग्नेछस्, तिनी तँसित कुरा गर्नेछन् । (२३) किनकि यी आज्ञाहरु एउटा बत्ती हो, र शिक्षाचाहिँ ज्योति हो, अनि अनुशासनको सुधार जीवनको मार्ग हो । (२४) जसले तलाई चरित्रहीन स्त्रीबाट, स्वेच्छाचारी पत्नीको चिप्ले कुराबाट बचाउँछ । (२५) तेरो हृदयमा त्यसको सुन्दरताको चाहना नगर, त्यसका आँखाले तँलाई वशमा नपारोस् । (२६) किनकि वेश्याले तँलाई एउटा रोटीसमान बनाउँछे, र व्यभिचारिणीले तेरो जीवनलाई नै शिकार बनाउँछे । (२७) के कुनै मनिसले आफ्नो लुगा नडढाईकन आगो उघाएर आफ्नो काखमा राख्नसक्छ ?हितोपदेश ६ एन एल टि र संदेश

किनकि परमेश्वरले हामीलाई अशुद्ध हुनलाई होइन, तर पवित्र जीवन जिउनलाई बोलाउनुभयो । यसकारण जसले यो अर्तीलाई अस्वीकार गर्छ त्यसले मानिसलाई होइन तर तिमीहरुलाई उहाँको पवित्र आत्मा दिनुहुने परमेश्वरलाई नै अस्वीकार गर्छ । १ थेसलोनिकी ४:७–८ टि एल बि

तर व्यभिचार गर्ने व्यक्तिसित विवेक हुँदैन, यसो गर्ने सबैले आफैलाई नष्ट गर्छन् । त्यसले मुक्का र अपमान पाउनेछ, र त्यसको अपमान कहिल्यै मेटिनेछैन, हितोपदेश ६:३२–३३

(व्यभिचार शव्दको अर्थ “करार तोड्नु” हो । यौन कार्य भनेको करार निर्माण गर्ने कार्य हो तसर्थ व्यभिचार शव्दले विवहा बाहिरको यौन कार्यलाई जनाउँछ ।)

## ट. आजको छनोटले तिम्रो भोलिलाई प्रभाव पार्छ

यदि तिमीले आफ्नो हात आगोमा राख्छौ भने तिमीले त्यति नै बेला असहय दुखाइ परिणाम स्वरुप अनुभव गर्नेछौ । सबैलाई यो थाहा छ र सबै जाना आफुलाई नपोलोस् भनेर सतर्क पनि छन् । तर पापको भिन्नै समयतालिका छ, र यसको परिणाम तुरुन्तै आउँदैन – तर निश्चित होऊ, त्यो आउँनेछ ।

- मोशाले सही निर्णय गरे : पापको सुख केही समयसम्म भोग्नुभन्दा तिनले परमेश्वरका जनहरुसित थिचोमिचोमा पर्न रोजे । हिब्रू ११:२५

**यादगर्नुहोस् कि पापको सुखहरुजाँदैछन् ।**

**तिमीले सहि निर्णय पनि लिनुपर्छ, नत्रत :**

- म आफैले मूखैले जरे हालेको देखेकोछु, तर अचानक त्यसको घर श्रापित भयो । अयूब ५:३ एन एल टि
- तिमीहरुका पापले तिमीहरुलाई फेला पर्नेछ । गन्ती ३२:२३ यो पद सम्झिन र तिमीलाई छिन छिनमा याद गराई राख्न राम्रो पद हो ।

धोकामा नपर: परमेश्वरको ठट्टा हुँदैन । किनकि मानिसले जे रोप्छ, त्यसैको कटनी गर्छ । (८) जसले आफ्नो पापमय स्वभावलाई खुशी पार्न रोप्दछ, त्यसै पापमय स्वभावबाट त्यसले सर्वनाशको कटनी गर्नेछ, तर जसले आत्माको लागि रोप्छ, त्यसले आत्माबाट नै अन्नत जीवनको कटनी गर्नेछ । (९) भलाई गर्नमा हामी नथाकौँ, किनकि यदि हिम्मत हारेनौ भने हामीले ठिक समयमा फसल कटनी गर्नेछौँ । गलाती ६:७–१०

परमेश्वरको ठट्टा हुँदैन । किनकि मानिसले जे रोप्छ, त्यसैको कटनी गर्छ । गलाती ६:७ आजको अंग्रजी संस्करण

---

## ठ. त्यसैले : सावधानी साथ मित्रहरु छान

सम्पूर्ण चेतना गुमाएर, तिमीहरुले सबै किसिमको अशुद्धतामा जिउन, र अझ धेरै कामुक भई बाँच्न, आफैलाई कामोद्दीपनामा सुम्पिदिए । एफिसी ४:१९ टि एल बि

किनकि तिनीहरुका मुखमा रित्ता,अहङ्कारपूर्ण शव्दहरु छन्, र पापमय मानव स्वभावका कामुक इच्छालाई उक्साउँदै, भूलमा जीवन बिताउनेहरुबाट भर्खरै भाग्दै गरेका मानिसहरुलाई फसाउँछन् । २ पत्रूस २:१८ एन आई भी

किनकि हृदयबाट दुष्ट विचारहरु, हत्या, व्यभिचार, यौनसम्बन्धी अनैतिकता, चोरी, झूटा साक्षी, निन्दा निस्कन्छन् । मत्ती १५:१९–२० एन आई भी

तर भाई कहलिएर पनि व्यभिचारी वा लोभी, मूर्तीपूजक वा गाली गर्ने, मतवाला वा लुटाहाहरुसित पो खाना पनि नखाओ भनी लेखेको हुँ । १ कोरिन्थी ५:११ एन आई भी

जवानीका अभिलाषाहरुबाट भाग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरुसित धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग । २ तिमोथी २:२२ टि एल बि

तिनीहरुमध्ये कति व्यभिचारमा परे अनि एकै दिनमा तेईस हजार मरे । तर हामी त तिनीहरु जस्ता हुनुहुँदैन । १ कोरिन्थी १०:८

- ❖ उनीहरुले गलत अगुवालाई पछ्याई रहेका थिए ।
- ❖ भिडलाई यतिकै नपछ्याऊ ।

परमेश्वरले आफ्नो शक्तिद्धारा प्रभु येशूलाई मरेकाबाट जीवित पार्नुभयो, अनि उहाँले हामीलाई पनि जीवित पार्नुहुनेछ । (१५) तिमीहरुका शरीर ख्रीष्ट स्वयम्का अङ्गहरु हुन् भन्ने के तिमीहरुलाई थाहा छैन ? त्यसो भए के म ख्रीष्टका अङ्गहरु लिएर बेश्याहरुसित जोडिदिऊँ ? कदापि होइन । (१६)जसले आफैलाई एउटी बेश्यासित जोड्छ, ऊ आफै पनि उसको शरीरमा एक हुन्छ भन्ने के तिमीहरुलाई थाहा छैन ?किनकि यसो लेखिएकोछ, “यी दुई एकै शरीर हुनेछन्”। (१७) तर जसले आफैलाई प्रभुसित जोड्छ त्यो उहाँसित आत्मामा एक भएको हुन्छ । (१८) अनैतिक यौन सम्बन्धबाट अलग बस । अरु सबै पापहरु मानिसले आफ्नो शरीरबाहिर गर्छ, तर जसले यौन विषयमा पाप गर्छ, त्यसले आफ्नै शरीरको विरुद्धमा पाप गर्छ । २ कोरिन्थी ६:१४–१८ टि एल बी

किनकि संसारमा भएका सबै थोक– पापपूर्ण मानिसको अभिलाषा, उसको आँखाको अभिलाषा र ऊसँग भएका र उसले गरेका कुराहरुको शेखी– पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन् । १ यूहन्ना २:१६ एन आई बी

प्रिय मित्रहरु, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के हुनेछौं सो अहिलेसम्म प्रकट गरिएको छैन । तर हामी यो जान्दछौं, उहाँ प्रकट हुनुहुँदा हामी उहाँजस्तै हुनेछौं, किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै नै देख्नेछौं । १ यूहन्ना ३:२–३ एन ए एस् यु

## ड. आफ्नो लागि सीमा तोक

हिमाल चढ्ने व्यक्ति, जो हिमालको चुचुरो तिर लम्किदैछ, उसले निर्णय लिएर चट्टानमा राम्रोसँग आफ्नो डोरी चट्टानमा बलियो गरी बाध्नु पर्छ नत्रत ऊ त्यहाँबाट खस्नु सक्छ र गहिरो चोट

लाग्न सक्छ । त्यसैलै हाम्रो चट्टानसँग सुरक्षीत साथ जोडि राख्न हामीले निर्णय गर्नुपर्छ (भजनसंग्रह ८९:२६) नत्रत हामी लड्न सक्छौँ र जसै हामी उकालो बाहिर चढ्न र अजिङ्गरको परीक्षाको डर लाग्दो खाल्डोमा जान थाल्छौँ हामीलाई गहिरो चोट लाग्न सक्छ ।

जसै शत्रूले येशूको परीक्षा गरेको थियो, त्यसरी नै त्यसले तिमीलाई पनि त्यसको भ्रष्ट तर्कहरुबाट परीक्षा गर्छ जस्तै :

१. ठिकै छ किनकि तिमीले उनलाईसाँचो प्रेम गर्छौ । जेभए पनि तिमीले उनलाई विवाह गर्नेवाला नै छौँ ।

२. किन विवाहसम्म प्रतीक्षा गर्ने ? हामीले हृदयमा त विवाह गरिनै सक्यौँ ।

३. विवाह केवल कागजको टुक्रामात्र त हो । र यसरी नै बारम्बार अनुमानहरु र तर्कहरु गर्ने प्रयास गर्दै उनीहरुका विचारहरुलाई स्पष्ट गर्ने प्रयास गर्दै जान्छ र उनीहरुका तर्कहरुलाई स्पष्ट गर्छ ।

**होइन!** बाइबले यो सिकाउँछ कि विवाह करारको प्रतिबद्धता हो जसमा एक अर्का बीच ईमानदारीको भाकल हुन्छ र विवाहको कार्य जाब दुई एक हुन्छ त्यसमा समाम्त हुन्छ जुन रगतको करारको कार्य हो । यो प्रभूको नजरमा एकदमै, एकदमै पवित्र छ र हाम्रो लागि पनि त्यसतै हुनुपर्छ ।

सुरु देखि नै प्रभूले भन्नुभयो : उत्पत्ति २:२४ यसैकारणले मानिसले आफ्ना आमाबुबालाई छोडेर आफ्नी स्वास्नीसित मिलिरहनेछ, अनि तिनीहरु एउटै शरीर हुनेछन् ।

- यौन कार्यबाट दुई व्यक्तिहरु “एक” हुन्छन्–सँगै जोडिएको, सँगै बाधिएको, सँगै गाँसिएको जसलाई “आत्मामा गाँसिएको” भन्न सकिन्छ । जब विभिन्न व्यक्तिहरुसँग एक भन्दा बढी यौन कार्य गरिन्छन्, तब बन्धन वा “ “आत्मामा गाँसिएका ” प्रत्येकसँग बाडिन्छ र यस कारण विवाहको एकता वा बन्धनलाई फितलो र कमजोर बनाउँछ जसले गर्दा परमेश्वरले राख्नुभएको उदेश्य पुरा हुन दिँदैन ।

बालुवामा रेखा कोर! अजिङ्गगरको क्षेत्रको सिमामा नजाऊ । दृढ निर्णय गर र त्यसमा नै अढित रह ।

विश्वासको उत्तम लडन्त लड । अनन्त जीवन पक्रिराख । यसैमा तिमीलाई बोलावट भएको थियो, जब तिमीले धेरै साक्षीहरुका उपस्थितिमा तिम्रो विश्वासको असल साक्षी दिएका थियौ । (१३) प्रत्येकलाई जीवन दिनुहुने परमेश्वरको, अनि पेन्तियस पिलातसको सामुन्ने असल साक्षी दिनुहुने ख्रीष्ट येशूको दृष्टिमा म तिमीलाई यो आदेश दिन्छु कि, (१४) येशू ख्रीष्ट देखा नपरुन्जेल यस आज्ञालाई विनादाग र विनादोष सम्हालिराख । १ तिमोथी ६:१२–१५

तर परमप्रभूको सेवा गर्न तिमीहरुलाई इच्छा लागेन भने, तिमीहरुले कसको सेवा गर्ने हो, नदीपारि तिमीहरुका पिता–पुर्खाहरुले पूजेका देवताहरु कि तिमीहरु अहिले बसिरहेका एमोरीहरुका ठाउँका तिनीहरुका देवता, सो रोज । तर म र मेरो घरानाले त परमप्रभुको सेवा गर्नेछौं । यहोशू २४:१५–१६ के जे भि

दाऊद परमेश्वरको हृदय अनुसारको व्यक्ति थियो, जसले मेरा सबै इच्छा अनुसारको काम गर्नेछन् । प्रेरित १३:२२–२३

उनको अनैतिकताको लागि ठूलो ज्याला तिरे पछि दाऊदले दृढ निर्णय गरे र बालुवामा रेखा कोरेर सिमा बनाए जुन उनले फेरि कहिल्यै नाग्ने छैनन् । दाऊदले जे भनेका र गरेका थिए यस प्रकार छन् :

> तिनीहरु धन्यका हुन्, जसका चाल निर्दोष छन्, र जो परमप्रभुका व्यवस्थामा चल्दछन् । (२) तिनीहरु धन्यका हुन्, जसले उहाँका व्यवस्था विधि पालन गर्दछन्, आफ्ना पूरे हृदयले उहाँलाई खोज्दछन् । (३) तिनीहरुले केही अधर्म गर्दैनन्, तिनीहरु उहाँका मार्गमा हिँड्दछन् । भजनसंग्रह ११९:१–३ एन ए एस यू
>
> मैले त सत्यको मार्ग छानेको छु, तपाईको नियम मैले मेरो हृदयको सामुन्ने राखेकोछु । भजनसंग्रह ११९: ३० एन ए एस यू
>
> मैले आफ्नो आचरणको विषयमा विचार गरेको छु, र आफ्ना कदम तपाईको कानुन तर्फ चालेकोछु । भजनसंग्रह ११९: ५९ एन ए एस यू
>
> तपाईका भय मान्नेहरु र तपाईका आदेशहरु पालन गर्नेहरु सबैको म मित्र हु । भजनसंग्रह ११९: ६३ एन ए एस यू
>
> तपाईको वचन पालन गर्न सकूँ भनेर मैले आफ्ना गोडालाई हरेक खराब मार्गबाट अलग राखेको छु । भजनसंग्रह ११९: १०१ एन ए एस यू
>
> हे दुष्कर्मीहरु हो, मबाट टाढे जाओ, र म मेरा परमेश्वरका आज्ञाहरु पालन गर्न सकेूं । भजनसंग्रह ११९: ११५ एन ए एस यू
>
> म निर्दोष जीवन बिताउनलाई होसियार रहनेछु – तपाई मकहाँ कहिले आउनुहुनेछ ? निर्दोष हृदय लिएर म आफ्ना घरभित्र हिँड्डुल गर्नेछु । कुटिल हृदय भएका मानिसहरु मबाट टाढे रहनेछन्, मबाट कुनै खराबी काम हुने छैन । भजनसंग्रह १०१: २–४ एन ए एस यू

## ढ. प्रभुले हामीलाई अनुशासनमा राख्नु हुनेछ

हिब्रू १२:५–८, ९–११अनि तिमीहरुलाई पुत्र समान भनी सम्बोधन गरेर भनिएका परमेश्वरको ढाडसका वचन तिमीहरुले भूलेका छौ :"मेरो पुत्र, परमेश्वरको अनुशासनलाई हल्का नठान, अनि

उहाँले तिमीलाई हप्काउँदा हताश नहोऊ, (६) किनकि परमेश्वरले आफूले प्रेम गरेकाहरुलाई अनुशासन गर्नुहुन्छ अनि आफूले पुत्र भनि ग्रहण गरेकाहरुलाई उहाँले दण्ड दिनुहुन्छ। (७) कठीनतालाई अनुशासन ठानी भोग, किनकि परमेश्वरले तिमीहरुलाई पुत्रझै व्यवहार गर्नुहुँदैछ। पिताले अनुशासन नगरेको कुनचाहिँ पुत्र होला ? (८) यदि तिमीहरुलाई अनुशास गरिएन भनेता ( अनि हरेक नै अनुशासित हुन्छ), तिमीहरु साँचो पुत्र नभएर व्यभिचारमा जन्मिएका सन्तान हौ। (९) यसबाहेक हामीलाई ताडना दिने हाम्रा संसारिक पिताहरु थिए र हामीले तिनीहरुलाई आदर गऱ्यौ भने के हामी आत्माका पिताको अधिनमा बसेर जिउनु पर्दैन र ? (१०) हाम्रा पिताहरुलाई असल लागेअनुसार उहाँले हामीलाई केही समयसम्म अनुशासन गर्नुभयो, तर हामी परमेश्वरको पवित्रतामा सहभागी हौ भनेर परमेश्वरले हामीलाई हाम्रै भलाइको लागि अनुशासन गर्नुहुन्छ।(११) कुनै पनि अनुशासन त्यस बेलको लागि सुखद हुँदैन, तर कष्टदायक हुन्छ। त्यसो भएता पनि, पछिबाट त त्यसमा तालिम पाएकाहरुको निम्ति धार्मिकता र शान्तिको फल हुन्छ।"

मैले मेरो मनमा विचार गरें, "परमेश्वरले धर्मी र अधर्मी दुबैलाई न्याय गर्नुहुन्छ, किनकि हरेम कृयाकलाप र हरेक कामको आफ्नै समय छ।" उपदेशक ३:१७ टि एल बि

म फेरि आउँदा मेरा परमेश्वरले मलाई तिमीहरुका सामु होच्याउनुहुनेछ भन्ने मलाई डर लागेको छ, अनि म ती धेरैसित दुःखी हुनेछु, जसले पहिल्यै पाप गरेर पनि तिनीहरु संलग्न रहेका अशुद्धताबाट, यौन सम्बन्धी पापबाट अनि छाडापनबाट पश्चाताप गरेका छैनन्। २ कोरिन्थी १२:२१ एन ए एस् यू

"तेरो घमण्ड बन्द गर, अहङ्कारको वचन तेरो मुखबाट ननिकाल किनकि परमप्रभु सबै कुराको ज्ञाता हुनुहुन्छ, अनि उहाँद्धारा नै सबै काम जोखिन्छ।"१ शमूएल २:३ एन एल टि

किनकि तिमीहरु यो निश्चितसँग जान्दछौ कि कुनै व्यभिचारी, वा अशुद्ध व्यक्ति वा लोभी मानिस, जो एक मूर्ति पुजक हो, उसले खीष्ट र परमेश्वरको राज्यमा अधिकार पाउन सक्दैन। एफिसी ५:५ एन एल टि

पापमय स्वभावका कामहरु प्रत्यक्ष छन्, जो यिनै हुन् –व्यभिचार, अपवित्रता र लुच्च्याइँ, (२०) मूर्तिपूजा र मन्त्रतन्त्र, दुश्मनी, झैँझगडे, ईर्ष्या, क्रोध, विरोध, फूट, कुमार्ग, (२१) अनि डाह, मादक पदार्थ सेवन, मोजमज्जा र यस्तै अरुहरु। मैले पहिला गरेजस्तै, अब पनि चेतावनी दिँदछु कि जुन व्यक्ति यस प्रकारले जिउँदछ ऊ कहिल्यै पनि परमेश्वरको राज्यको उत्तराधिकारी बन्न सक्दैन। गलाती ५:१९–२१ एन एल टि

यसकारण जे पनि सांसारिक स्वभावका छन् तिनलाई मार : व्यभिचार, अशुद्धता, कामुकता, दुष्ट इच्छाहरु अनि लोभ, जो मूर्तिपूजा हो। (६)यसकै कारणले परमेश्वरको क्रोध अइरहेछ। (७) तिमीहरुले एकपल्ट जिएको जीवनमा तिमीहरु यी मार्गहरुमा हिँड्ने गर्थ्यौ। (८) तर अब त तिमीहरुले यी कुराहरु त्यागनुपर्छ, अर्थत रीस, क्रोध, डाह, निन्दा अनि ओठबाट निस्कने फोहोर

बोली । (९) आपसमा झूट नबोल किनकि तिमीहरुले आफ्नो पुरानो व्यक्तित्वलाई त्यसका चलनहरुसमेत त्यागेका छौ, (१०) अनि नयाँ व्यक्तित्वलाई धारण गरेका छौ, जुनचाँहि सृष्टिकर्ताको रुपमा भएको ज्ञानमा नयाँ हुदैगइरहेछ ।कलस्सी ३:५–११ एन एल टि

दुष्टहरु परमेश्वरको राज्यको उत्तराधिकारी बन्दैनन् भन्ने के तिमीहरुलाई थाहा छैन ? धोकामा नपर : यौनबारे चरित्रहीनहरु व मूर्तिपूजकहरु व व्यभिचारीहरु वा वेश्यावृति गर्ने पुरुषहरु, समलिङ्गीहरु व पुरुषगामीहरु, (१०) वा चोरहरु वा लोभीहरु व मतवालाहरुव निन्दकहरुव लूटाहाहरु परमेश्वरको राज्यको हकदार हुन सक्दैनन् । १ कोरिन्थी ६:९–१० एन एल टि

## ण. परमेश्वरले तिम्रो लागि सर्वश्रेष्ठ चाहनुहुन्छ

तर परमेश्वरले आफ्नो प्रेम हामीप्रति यसरी दर्शाउनुहुन्छ : हामी पापी छँदै, खीष्ट हाम्रे निम्ति मर्नुभयो । (९) अब उहाँको रगतद्वारे धर्मी ठहराइएकाले, हामी परमेश्वरको क्रोधदेखि कति बढ्ता बच्नसक्छौ । (१०) जब हामी परमेश्वरका शत्रुनै थियौं, उहाँको पुत्रको मृत्युद्धारा हामी उहाँमा मिलापमा आयौं, त अब मिलाप भइसकेपछि हामीले उहाँको जीवनमार्फत अझ बढी निश्चितता साथ उद्धार पाउने आशामा ढुक्क भएका छौं । (११) यति मात्र होइन, तर परमेश्वरमा हामी हाम्रे प्रभु येशू खीष्टद्वारे आनन्दित हुन्छौं, जसद्वारे हामीले मिलाप पाएका छौं । रोमी ५:८–११ एन ए एस् यु

तर अब परमप्रभु यसो भन्नुहुन्छ – हे याकूब तलाई सृष्टि गर्नुहुनेले, हे इस्राएल, तँलाई रच्नुहुनेले, “नडरा, किनकि मैले तँलाई दाम तिरेर छुटाएको छु, मैले तँलाई नाउँ काढेर बोलाएको छु, तँ मेरो होस् । (२) तँ पानीबाट भएर जाँदा म तँसित हुनेछु, अनि तँ नदीहरुबाट भएर जाँदा तिनीहरुले तँलाई बगाउनेछैनन् । तँ आगोबाट भएर हिँड्दा तँ जल्नेछैनस्, त्यसको ज्वालाले तँलाई भस्म पार्नेछैन । (३) किनकि म परमप्रभु तेरा परमेश्वर हे, इस्राएलका परमपवित्र, तेरा उद्धारकर्ता । म तेरो छुटकाराको मोलको निम्ति मिश्रदेशलाई दिन्छु, तेरो सट्टामा कूश र सेबालाई दिन्छु ।” यशैया ४३:१–३ एन ए एस यु

हाम्रे प्रभु येशू खीष्टका परमेश्वर र पिताको प्रशंसे होस्, जसले हामीलाई स्वर्गीय स्थानहरुमा हरेक आत्मिक आशिषले खीष्टमा आशीर्वाद दिनुभएको छ । (४) किनकि उहाँको सामु हामी पवित्र र निष्कलङ्क होऔ भनेर उहाँले हामीलाई संसारको सृष्टिभन्दा अघिबाटै उहाँमा चुन्नुभयो । (५) प्रेममा उहाँले हामीलाई उहाँको इच्छे र अभिप्रायअनुसार येशू खीष्टद्वारे धर्मपुत्र हुनलाई अघिबाटै नियुक्त गर्नुभयो । (६) त्यसरी उहाँले हामीलाई आफ्ना प्रिय पुत्रद्वारे सितैमा दिनुभएको उहाँको महिमित अनुग्रहको प्रशंसे होस् । एफिसी १:३–६ एन ए एस यु

आज्ञाकारी बालबालिकाहरु भएको हुनाले अबोध अवस्थामा हुँदा तिमीहरुसित भएको दुष्ट अभिलाषाअनुरुप नचल । (१५) तर तिमीहरुलाई बोलाउनुहुने पवित्र हुनु भएझैं, तिमीहरु पनि

तिमीहरुले गर्ने सबै कुरामा पवित्र होओ । (१६) किनकि धर्मशास्त्रमा यसरी लेखिएको छ : "पवित्र होओ, किनकि म पवित्र छु ।" १ पत्रूस १:१४–१६ एन ए एस यु

किनकि जुन योजनाहरु मैले तिमीहरुको निम्ति बनाएको छु, ती म जान्दछु, ती तिमीहरुका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई हो" परमप्रभु घोषण गर्नुहुन्छ । यर्मिया २९:११

तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरो आज्ञा मान्नेछौ । यूहन्ना १४:१५

**परमेश्वरले उहाँ माथि विश्वास गर्नेहरु र उहाँका आज्ञाहरु पालन गर्नेहरु र तिम्रो जीवनमा उहाँका योजनाहरुका पछि लाग्नेहरुलाई उहाँले सधैं सर्वश्रेष्ट दिनुहुन्छ ।**

हामीहरु पनि तिनीहरु जस्तै हाम्रा पापमय स्वभावको लालसा पूरा गर्दै अनि यसका इच्छा र विचारहरुलाई पछयाउँदै जिउने गर्दथ्यौ । उनीहरु जस्तै, हामीहरु पनि स्वभावैले क्रोधका सन्तान थियौं । (४) तर हामीहरुको निम्ति उहाँको महान् प्रेमको कारण, करुणाका धनी, परमेश्वरले, (५) हामीहरुलाई हाम्रा अपराधमा मरेका अवस्थाबाटै ख्रीष्टसँग जीवित पार्नुभयो– अनुग्रहबाट तिमीहरु बचाइएका छौ । एफिसी २:३–५

यसकारण, जे पनि सांसारिक स्वभावका छन्, तिनलाई मार : व्यभिचार, अशुद्धता, कामुकता, दुष्ट इच्छाहरु अनि लोभ, जो मूर्तिपुजा हो । (७) तिमीहरुले एकपल्ट जिएको जीवनमा तिमीहरु यी मार्गहरुमा हिँडने गर्थ्यौ । (८) तर अब त तिमीहरुले यी कुराहरु त्याग्नुपर्छ, अर्थात रीस, क्रोध, डाह, निन्दा अनि ओठबाट निस्कने फोहोर बोली । कलस्सी ३:५, ७–८

---

## त. स्वच्छ अन्तस्करण ठूलो मूल्यको हुन्छ

मृत्यु परमेश्वरको सामुन्ने नाङ्गो छ; र विनाश उदाङ्गै भएको छ । अययूब २७ :६ एन एल टि

महासभातिर शिर ठाडो पारेर हेर्दै पावलले भने, "मेरा भाईहरु आजका दिनसम्म शुद्ध विवेकमा परमेश्वर प्रति मेरो कर्तव्य पूरा गरेको छु ।" प्रेरित २३:१ एन एल टि

अनि विश्वास र असल विवेक थामिराख । कतिले यी कुराहरु त्यागेर आफ्ना विश्वासको जहाज डुबाइदिएका छन् । १ तिमोथी १:१९ एन एल टि

तिमीलाई थाहा छ कि एशिया प्रान्तमा हुने प्रत्येकले मलाई त्यागीदिएका छन्, जसमा फुगेलस र हर्मोगेनस पनि छन् । तीतस १:१५ एन एल टि

---

## थ. तिम्रो शरीर मन्दिर हो

तिमीहरु आफै परमेश्वरका मन्दिर हौ अनि उहाँको आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भन्ने के तिमीहरुलाई थाहा छैन ?१ कोरिन्थी ३:१६ एन ए एस् यु

तिमीहरुका शरीर ख्रीष्त स्वएम्का अङ्गहरु हुन् भन्ने के तिमीहरुलाई थाहा छैन ? त्यसो भए के म ख्रीष्टका अङ्गहरु लिएर वेश्याहरुसित जोडिदिऊ ? कदापि होइन । (१६) जसले आफैलाई एउटी वेश्यासित जोड्छ, ऊ आफै पनि उसको शरीरमा एक हुन्छ भन्ने के तिमीलाई थाहा छैन ? किनकि यसो लेखिएको छ, “यी दुई एकै शरीर हुनेछन् ।” (१७) तर जसले आफैलाई प्रभुसित जोड्छ त्यो उहाँसित आत्मामा एक भएको हुन्छ। (१८) अनैतिक यौन सम्बन्धबाट अलग बस। अरु सबै पापहरु मानिसले आफ्नो शरीर बाहिर गर्छ, तर जसले यौन विषयमा पाप गर्छ, त्यसले आफ्नै शरीरको बिरुद्धमा पाप गर्छ। १ कोरिन्थी ६:१५–१८ आर एस् भी

तिमीहरुका शरीर पवित्र आत्माको मन्दिर हौ भनी के तिमीहनरुलाई थाहा छैन, जुन पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पायौ, अनि जो तिमीहरु भित्र हुनुहुन्छ ? तिमीहरु आफै त आफ्नै होइनौ, (२०) तिमीहरु दाम तिरेर किनिएका हौ । यसकारण, आफ्ना शरीरद्धारे परमेश्वरको आदर गर । १ कोरिन्थी ६:१९–२० आर एस् भी

जसले आफैलाई एउटी वेश्यासित जोड्छ, ऊ आफै पनि उसको शरीरमा एक हुन्छ भन्ने के तिमीलाई थाहा छैन ? किनकि यसो लेखिएको छ, “यी दुई एकै शरीर हुनेछन् ।” (१७) तर जसले आफैलाई प्रभुसित जोड्छ त्यो उहाँसित आत्मामा एक भएको हुन्छ । (१८) अनैतिक यौन सम्बन्धबाट अलग बस। अरु सबै पापहरु मानिसले आफ्नो शरीर बाहिर गर्छ, तर जसले यौन विषयमा पाप गर्छ, त्यसले आफ्नै शरीरको बिरुद्धमा पाप गर्छ ।(१९) तिमीहरुका शरीर पवित्र आत्माको मन्दिर हौ भनी के तिमीहनरुलाई थाहा छैन, जुन पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पायौ, अनि जो तिमीहरु भित्र हुनुहुन्छ ? तिमीहरु आफै त आफ्नै होइनौ। १ कोरिन्थी ६:१६–१९

---

## द. जवान महिलाहरुलाई उनीहरुले पाउनु पर्ने आदरसाथ व्यवहार गर

प्रेम के हो भन्ने कुरा हामी यसैबाट थाहा पाउँछौ : येशू ख्रीष्टले हाम्रा निम्ति आफ्नो प्राण अर्पण गर्नुभयो । अनि हामीले पनि आफ्ना दाजुभाईहरुका निम्ति आफ्नो प्राण अर्पण गर्नुपर्छ। १ यूहन्ना ३:१६ एन एल टि

अनि उहाँले हामीलाई यो आज्ञा दिनुभएको छ : जसले परमेश्वरलाई प्रेम गर्छ, त्यसले आफ्नो दाज्यूभाइलाई पनि प्रेम गर्नैपर्छ। १ यूहन्ना ४:२१ एन एल टि

सबैलाई आदर गर, र तिम्रा सबै इसाई दाजुभाईहरुलाई र दिदीबहिनीहरुलाई प्रेम गर । परमेश्वरको भय राख, र राजाको आदर गर । १ पत्रूस २ :१७ एन एल टि

अब तिमीहरुले सत्यको पालना गरी आफूलाई शुद्ध बनाएका छौ, र यसरी तिमीहरुसित तिमीहरुका भाइहरुका निम्ति विशुद्ध प्रेम छ, तिमीहरु एक अर्कालाई आफ्नो हृदयबाट नै गहिरो प्रेम गर । १ पत्रूस १:२२

---

## ध. उनको सीमाहरु नाग्न बाध्य बनाउँने प्रयास नगर

तिमीले तिम्रो (प्रेमिका)लाई (यौन कार्यको लागि भनिएको) कुरा उनको लागि ठक्करको कारण बन्छ भने, तिमी प्रेममा हिँडेका छैनौ । जसको निम्ति प्रभुले आफ्नो ज्यान दिनुभयो... (१७) किनकि परमेश्वरवको राज्य (सुमसुमाउँदै र धकेल्दै सीमा बाहिर पुऱ्याउने) विषय होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो । (१८) त्यसकारण जसले खीष्टलाई यस प्रकारले सेवा गर्छ, त्यो परमेश्वरको निम्ति ग्रहणयोग्य र मानिसहरुका निम्ति प्रशंसनीय हुन्छ ।

(१९) यसकारण हामी ती कुराहरुमा संलग्न रहौ, जुन कुराहरुले शान्ति र आपसी विकास ( खीष्टमा एकता) हुन्छ । (२०) (कामवासना)को कारणले परमेश्वरको कामलाई नाश नगर । सबै भोजन शुद्ध छन्, तर अर्कालाई ठक्करको कारण हुन्छ भने, कसैले सो भोजन नखाओस् । रोमी १४:१५; १७–२० एन आई भि

(कोष्ठकमा भएमा शव्दहरुले विषयगतलाई जोड दिन्छ ।)

युवतीहरुलाई सम्पूर्ण पवित्रतामा बहिनीझैं व्यवहार गर ।

१ तिमोथी ५:१–२ एन आई भि

तिमीले डेटिङ्ग गर्ने जुनैसुकै स्त्रीलाई तिमी बिवाहित नहुन्जेलसम्म तिमीले गरेको तिम्रो यौन शुद्धताको भाकल बारे बताऊ । यसले जब तिमीहरुसँगै हुन्छौ त्यतिबेला तिम्रो कार्यहरुलाई मार्गदर्शन गर्न ठूलो सहयोग पुऱ्याउँछ । उनले पनि तिमीलाई तिम्रो भाकल पुरा गर्न सहयोग गर्छन् ।

साथै उनको पितालाई पनि तिम्रो बिवाह नहुन्जेलसम्म तिमीले गरेको यौन शुद्धताको भाकल र प्रतिबद्धता बारे बताऊ । उनको पिताले तिमीलाई पुर्णरुपमा आदर गर्नुहुन्छ र उहाँको छोरीसँग तिमी हुदाँ पनि तिमी माथि विश्वास गर्नुहुन्छ । उनलाई उनको श्रीमतीसँग विश्वास योग्य हुनकोलागि उनको लागि ठूलो चुनौति पनि हुन सक्छ ।

बाईबले युवतीहरु भन्छन्

स्त्रीहरुले केशको बढी श्रीगांर गरेर सुन, मोती र वस्त्रहरु पहिरेर होइन तर सुशीलता, भद्रता र सभ्यतापूर्वक वस्त्र लगाऊन् (१०) अनि परमेश्वरको सेवा गर्ने स्त्रीहरुलाई सुहाउने गरी असल कामहरु गरुन् भन्ने पनि म चाहन्छु । तिमोथी २:९–१०

तिमीहरुका सौन्दर्य, बाटेका केश, सुनका गहना तथा राम्रा लुगाफाटाहरु जस्ता बाहिरी सिङ्गारले नहोस् । (४) तर तिमीहरुको आन्तरिक व्यक्तित्वमा नम्र र शान्त आत्माको नओइलाउने सौन्दर्य होस्, जो परमेश्वरको दृष्टिमा अति मूल्यवान् छ । किनकि परमेश्वर माथि आशा गर्ने प्रचीनकालका पवित्र महिलाहरुले यसै गरी आफूलाई सुन्दर बनाउँथे । तिनीहरु आफ्ना पतिहरुका अधीनमा रहन्थे । १ पत्रुस ३:३–५ टि एल बि

तिमीले डेटिङ्ग गर्ने स्त्रीलाई भन कि तिमी विवाह नगरुन्जेलसम्म पवित्र रहन प्रतिबद्धता गरेका छौ । र यदि उनीहरु अभद्र गरी बस्त्र पहिरन्छन् भने उनीहरुलाई भद्र गरी बस्त्र पहिरन भन ताकि तिमी परीक्षामा नपरोस् । उनले जेसुकै भने पनि उनले तिमीलाई आदर गर्ने छन् ।

## न. परमेश्वरको सेनामा तिमीलाई योद्धा भनि बोलाइएको छ

**जसै दाऊदले गोलियातसँग लडाई गरे, तिमीले पनि कामवासनाको अजिङ्गरसँग युद्ध गर्नुपर्छ ।**

हरेक असल योद्धाले उनको **प्रमुख कमान्डरलाई पछ्याउनु र मान्नुपर्छ ।**

**उहाँले तिमीलाई योद्धा हुन बोलाउँनु भएको छ**

यसैको निम्ति तिमीहरु बोलाइएका छौ, किनकि ख्रीष्टले तिमीहरुका निम्ति कष्ट सहनुभयो, र तिमीहरु निम्ति एउटा नमूना छोड्नुभयो अनि उनीहरुले उहाँको पाइला पछयाउँनुपर्नेछ । उहाँले कुनै पाप गर्नुभएन ...यसको सट्टामा, न्यायपूर्ण इन्साफ गर्नुहुनेकहाँ आफूलाई सुम्पिनुभयो । १ पत्रुस २:२१–२४

**उहाँले तिमीलाई पवित्र हुन आज्ञा गर्नुहुन्छ**

तिमीहरुलाई बोलाउनुहुने पवित्र हुनु भएझैं, तिमीहरु पनि तिमीहरुले गर्ने सबै कुरामा पवित्र होओ, (१६) किनकि धर्मशास्त्रमा यसरी लेखिएको छ, पवित्र होओ किनकि म पवित्र छु। १ पत्रुस १:१५–१६ एन एल टि

**उहाँले तिमीलाई नयाँ व्यक्ति हुन आज्ञा गर्नुहुन्छ :**

निश्चय पनि येशूमा भएको सत्यताअनुसार नै तिमीहरुले उहाँबारे सुन्यौ अनि सिक्यौ। (२२)तिमीहरुले आफ्नो पुरानो जीवन जो छली लालसाद्धारा भरिएको थियो त्यो पुरानो मनुष्यत्वलाई त्याग्नुपर्छ भनी सिकेका छौ, (२३) र आफ्नो मनका व्यवहारमा नयाँ मानिस बन, (२४) अनि नयाँ मनुष्यत्वलाई धारण गर, जो परमेश्वरको धार्मिकता र पवित्रतामा सृष्टि भएको छ। एफिसी ४:२१–२४ टि एल बि

**उहाँले सोच्नु भए जस्तै तिमी पनि त्यसरी नै सोच भनि उहाँ आज्ञा गर्नुहुन्छ :**

किनकि पाप स्वभावमा मन लगाउनु मृत्यु हो तर पवित्र आत्मामा मन लगाउँनु जीवन र शान्ति हो रोमी ८:६ एन आई भि

कामको निम्ति तिमीहरु आफ्नो मनमा तयार गर; आत्मनियन्त्रित होओ १ पत्रुस १:१३

**उहाँले तिमीलाई मानिस हुन आज्ञा गर्नुहुन्छ :**

सावधान बस। विश्वासमा दरिलो बन्दै बस। साहसी हौ र दृढ बन। हरेक कुरो प्रेमपूर्वक गर। १ कोरिन्थी १६:१३–१४

**उहाँले अलग रहन आज्ञा गर्नुहुन्छ :**

हर प्रकारको दुष्ट्याइँदेखि टाढा बस। १ थेसलोनिकी ५:२२

प्रिय मित्रहरू, तिमीहरू यो संसारमा प्रवासी अनि परदेशीहरू हौ। यसर्थ तिमीहरूलाई तिम्रा शरीरले चाहेको नराम्रा कर्महरूदेखि टाढा रहन् भनी म निवेदन गर्छु। यी कुराहरू तिमीहरूका आत्माको विरुद्ध जुझ्छन्।

१ पत्रुस २:११–२२

**उहाँले शुद्धताको आज्ञा गर्नुहुन्छ**

यसकराण हरेक किसिमको अशूद्धताबाट हाम्रा शरीर वाअत्मालाई पवित्र पर। हाम्रो जिउने तरिकामा परिपक्क हुने कोशिश हामीले गर्नुपर्छ २ कोरिन्थी ७ : १ एन आई भि

**उहाँले उदाहरण बन्न आज्ञा गर्नुहुन्छ :**

मैले तिमीहरूको अघि उदाहरणको लागि यो गरें। र तिमीहरूले एकाअर्कामा त्यसै गर्नु पर्छ जस्तो मैले गरें। यूहन्ना १३:१५

तिमी जवान छौ तर तिम्रो उमेरको कारणले तिमीलाई हेला गर्न कसैलाई नदेऊ। तिनीहरू कसरी जिउनु पर्छ भनि विश्वासीहरूको निम्ति एउटा उदाहरण बन्ने कोशिश गर। तिनीहरूलाई आफ्नो भनाई, आफ्नो रहन-सहन, आफ्नो प्रेम, आफ्नो विश्वास अनि आफ्नो पवित्र जीवनद्वारा देखाऊ। १ तिमोथी ४ :१२

**हरेक सेनापतिले आफ्ना सिपाहीहरुमा आत्मसंयमी भएको चहाना गर्दछ**

स्वयंलाई नियन्त्रण गर अनि सावधान बस। शैतान तिमीहरूको शत्रु हो। त्यो सिंहले (वा अजिङ्गर) शिकार खोजे जस्तै कसैलाई खान चारैतिर घुमी हिंड्छ। शैतानको अनुशरण गर्न अस्वीकार गर। आफ्नो विश्वासमा दृढतापूर्वक बस। तिमीहरू जान्दछौ कि संसारभरि तिमीहरूका भाइ-बहिनीहरू त्यस्तै यातना भोगिरहेछन् जस्तो यातनामा तिमीहरू थियौ। १ पत्रुस ५:८–९ एन आइ भि

जब मैले भनेको मान्दैनौ भने किन मलाई प्रभु, भन्दछै? लूका ६:४६

आफैंले आफैंलाई नियन्त्रणमा राख्न नसक्ने मानिस भत्केको पर्खाल भएको शहर बराबर हो। हितोपदेश २५ : २८

---

## प. तिमीले यो युद्ध एकलै लड्न सक्दैनौ

**तिमीलाई प्रभुको सहायता चाहिन्छ**

- त्यसैले तिमीले सधैँ पवित्र आत्मामा प्रार्थना गर्नुपर्छ । एफिसी ६:१८
- परमेश्वरको नजिक आऊ अनि परमेश्वर तिमीहरूको नजिक आउनु हुनेछ। तिमीहरू पापी हौ। यसर्थ तिमीहरूको जीवनदेखि पाप धोउ। यसर्थ तिमीहरूको विचार शुद्ध तुल्याऊ। याकूब ४:८

**हामीले प्रभुलाई हिसाब दिनुपर्छ**

- यसकारण हामी प्रत्येकले परमेश्वरको अघाडी आफ्नो हिसाब दिनु पर्नेछ। रोमी १४:१२

**हामीले एकअर्काको पनि हिसाब दिनुपर्छ**

- **तिमीले आफुलाई अरु मानिसहरुको हिसाब दिने बाउँनुपर्छ ।** तिम्रो विजय र हार बाड, सहयोग माग्दै, सल्लाहा माग्दै, प्रार्थनाको लागि भन्दै । नियमित आधारमासँगै भेट्ने गर ।
  तिमी आफैसँग **करार बाँध**, आफ्नो आँखाहरुसँग, कुनै पनि चलचित्रहरु, टि भी कार्यक्रमहरु, वा किताबहरु जसमा फोहोर चित्रहरु व बोलीहरु छन् त्यसलाई **नहेर्नका लागि** । तिमीले आफ्नो दिमागलाई सुरक्षीत राख्नुपर्छ । **यदि** तिमीले **थोरै मात्रामा पनि ढोका खोल्यौ** भने आगो फाल्ने अजिङ्गर **भित्र पस्छ** र बिस्तारै बिस्तारै सानो सानो क्षेत्र गर्दै **पुरै क्षेत्र ओगट्छ** ।

  तिम्रो **हिसाब दिने समुहमा** भएका अरुहरुलाई पनि त्यस्तै करार बाध्न भन ।

तिमीहरू पाँच जनाले एक सय जना शुत्रहरूलाई पराजित गर्नेछौ अनि तिमीहरू एक सय जनाले तिमीहरूको दश हजार शत्रुहरूलाई पराजित गर्नेछौ। तिमीहरूले तिमीहरूको शत्रुहरूलाई नाश गर्नेछौ। लेवी २६:८

तर हरेक दिन एक-अर्काको **उत्साह** बढाऊ। “आज” नै यो गर। एक अर्काको सहायता गर जसमा कि कोही पाप र यसको कपटपूर्ण तरिकाले कोही पनि कठोर नबनोस्। हिब्रू ३:१३

हामीले एक अर्कालाई विचार गर्नुपर्छ अनि प्रेम देखाउन र राम्रो काम गर्न हामी **एक-अर्कालाई कतिसम्म सक्रियतापूर्वक उत्साहित गर्न सक्छौं** त्यो हेर्नुपर्छ। हिब्रू १०:२४

**ख्रीष्टको संदेश** तिमीहरूभित्र समृद्ध भावमा रहोस्। एक-अर्कामा **शिक्षा दिनु र दृढ बनाउन** सम्पूर्ण बुद्वि खटाऊ। परमेश्वरलाई हृदयले धन्यवाद चडाउँदै भजन, गीत र आत्मिक स्तुतिहरू गाऊ। कलस्सी ३:१६

**एक-अर्कालाई मान्न इच्छुक होऊ** किनकि तिमीहरू ख्रीष्टलाई आदर गर्छौ। एफिसी ५:२१

हाम्रो शरीरको **भाग भाग नछुट्टियोस्** भनी परमेश्वरले यसो गर्नु भएको हो। **भिन्न अंगहरूले आपस्मा** उसरी नै ध्यान दिने गरून्। परमेश्वर त्यही चाहनु हुन्छ। १ कोरिन्थी १२: २५

---

**फ. अन्तिम शब्द**

**ख्रीष्टले हामीलाई स्वतंत्र बनाउनु भयो,** साहसी होऊ। बद्‌ली भएर व्यवस्थाकै कमारा नबन।(१६) यसैले म भन्छुः **आत्मा अनुसार बाँच। त्यसो गर्यो भने तिम्रा पापपूर्ण स्वभावले चाहेको खराब काम गर्ने छैनौ।**(१७) हाम्रो **पापपूर्ण स्वभावले यस्तो कुरो चाहन्छ** जुन आत्मा **विरुद्ध** हुन्छ। अनि **आत्माले चाँहि यस्तो कुरो चाहन्छ जुन हाम्रो पापपूर्ण स्वभावको विरूद्ध हुन्छ।** यी दुइ कुराहरू एक अर्कोको **विपरीत** छन्। यसैकारण तिमीले साँच्चै गर्नु चाहेको कुरो गर्न सक्तैनौ।

गलाती ५:१, १६-१७

- जे तिमीले खुवाउँछौ त्यही नै बलियो हुँदै बढ्दै जान्छ र यसले नै तिम्रो जीवनलाई नियन्त्रण गर्छ ।

(१८) तर यदि तिमीहरु**पवित्र आत्माद्धारा डोर्याइएका हौ भनेता** तिमीहरु व्यवस्थाको अधीनमा हुँदैनौ । (२२) तर **पवित्र आत्माको फल चाहिँ** प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, (२३) नम्रता, संयम हुन् ।

सावधान बस। विश्वासमा **दरिलो बन्दै** बस। साहसी (येशू ख्रीष्ट जस्तै मानिस) हौर दृढ बन। हरेक कुरो प्रेमपूर्वक गर। १ कोरिन्थी १६:१३-१४

यो हाम्रो युद्ध हो – आगो फाल्ने अजिङ्गरलाई हराउँन

आउँने भविष्यमा अनन्तको विजय प्रभु येशूद्धारा प्राप्त गरिनेछ । त्यो स्वर्गदूतले त्यो विशाल **सर्पलाई** पक्रे। त्यो विशाल सर्प दानव अथवा शैतान हो। त्यो स्वर्गदूतले त्यसलाई त्यो साङ्गलोले एक हजार वर्षको निम्ति बाँधे। 3 त्यो स्वर्गदूतले त्यो सर्पलाई त्यो अत्तल खाल्डामा हालिदिए अनि त्यसलाई बन्द गरिदिए। त्यो स्वर्गदूतले सर्पलाई ताला लगाई दिए ताकि एक हजार वर्षसम्म राष्ट्रहरूलाई छल्न नसकोस्। एकहजार वर्षपछि केही समयको निम्ति त्यो सर्पलाई मुक्त पार्नुपर्छ। प्रकाश २०:२-३

तर त्यो दिन नआएसम्म : हामीले कामवासनाको अजिङ्गरसँग युद्ध गर्दै र विजय प्राप्तगर्दै जानुपर्छ जुन मानिसको शरीर भित्रको गुफामा बस्छ ।

तर हामी परमेश्वरलाई धन्यवाद दिंदछौं। उहाँले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा **विजय दिनु हुन्छ।** यसैकारण मेरा प्रिय दाज्यू-भाइ दिदी-बहिनीहरू हो, **दरिलोसित खडा** हौ। **कुनै कुराले तिमीहरूलाई आफ्नो स्थानबाट विचलित नपरोस्। सधैं आफूलाई प्रभुको काममा लगाऊ।** तिमीहरू जान्दछौ प्रभुमा तिमीहरूको काम कहिल्यै व्यर्थ जानेछैन। १ कोरिन्थी १५:५७-५८ एन आई भि

यदि तिमी विजयको लागि युद्ध गर्न चाहान्छौ र प्राप्त गर्न चाहान्छौ भने विजय तिम्रो हो ।